मुखियापट्टी मुसहरनिया गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तुलसियाही जब्दी, धनुषा

प्रदेश न. २, नेपाल

## सवारी साधन आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सुचाना

(प्रथम पटक प्रकाशन मिति: २०७५/०१/२७)

यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उलेखित सवारी साधन सप्लाई गर्ने इच्छुक ईजाजत प्राप्त फर्म/कम्पनिले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

(१)बोलपत्र फारम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय सम्म फर्म/संस्था/कम्पनिको लिखित निवेदनसाथ् सुचनाको बुंदा न. ६ मा उल्लिखित कागजातहरु संलग्न गरि यस कार्यालयबाट तपसिल बमोजिमको दस्तूर बुझाइ छुट्टा छुटै खरिद गर्न सकिने छ ।

(२)खरिद गरेको बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे सम्म सिलबन्दी गरि खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा छुटाछुटै दर्ता गरिसक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दाखिला गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

(३)धरौटी वापत यस कार्यालयको जनकपुर स्थित नेपाल राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता न.**१२२०३०३००७१०९** मा तल उल्लेखित रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारि भएको बिडवण्ड बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

(४)बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश लग्ने कार्यालय खुलेको दिन हुने छ ।

(५)बोलपत्र स्वीकृत गर्ने, नगर्ने, सबै अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

(६)बोलपत्र दाताको ग्रहताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्र दाताले सिलबन्दी बोलपत्र साथ् देहायका कागजात पेश गर्नु पर्नेछ ।

(क) फर्म/संस्था/कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलिपि (ख) मूल्य अभिबृद्दि कर र स्थानीय लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि (ग) बोलपत्र दाताले खरिद कारवाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रूपमा गरेको घोषणा प्रति (घ) आ.ब. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि (ङ) बोलपत्रदाता फर्म/कम्पनीको Power of Attorney Letter (च) Manufacture Authorization Letter ।

(७)यसै सुचनाको बुंदा न. (६) बमोजिमका कागजात संलग्न नभएका, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने बिबरणहरु उल्लेख नगरेको र प्रचलित कानून बमोजिम रित नपुगी पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(८)बोलपत्र फारममा दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

(९)सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद सम्बन्धी एन, नियम अनुसार हुनेछ ।

(१०)बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझन सकिनेछ ।

**तपसिल**

| बोलपत्र न. | सवारी साधनको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तूर | बोलपत्र जमानत |
|---|---|---|---|---|
| ०१/२०७४/०७५ | ट्रयाक्टर हाइड्रोलिक ट्रेलर सहित (बोलपत्र पुस्तिकामा संलगन स्पेसीफिकेशन बमोजिम) | थान १(एक) | ३०००/ | ४५,०००/ |
| ०२/२०७४/०७५ | मोटरसाइकल(अनुमानित १५० सी.सी.) (बोलपत्र पुस्तिकामा संलगन स्पेसीफिकेशन बमोजिम) | थान १० (दश) | ३०००/ | ६५,०००/ |

प्रमुख प्रशासकीय अधिकृत